## प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
### गण्डकी प्रदेश, पोखरा, नेपाल

## स्थानिय पशुपन्छी संरक्षण र प्रवर्धन तथा आकस्मिक अनुसन्धान सहयोग कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।११।०६**

यस निर्देशनालयको आ.व. २०७५/०७६ को बार्षिक स्विकृत कार्यक्रम अनुसार **स्थानिय पशुपन्छी संरक्षण र प्रवर्धन तथा आकस्मिक अनुसन्धान सहयोग कार्यक्रम** सञ्चालनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक स्थानीय पशुपन्छीपालक कृषक, कृषक समूह र समिति/सहकारी, फार्म, संघ/संस्था, कम्पनीबाट प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र यस कार्यालय वा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

| क सं | स्थानिय पशुपन्छी संरक्षण/प्रवर्धन कार्यक्रम संचालन | संचालन हुने जिल्ला | अनुदान रकम (रु हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | लुलु गाई संरक्षण/प्रवर्धन कार्यक्रम | मुस्ताङ | बढिमा रु १०५० सम्म | स्थानिय पशुपन्छी संरक्षण/प्रवर्धन तथा अनुसन्धान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को अनुसुची २, अनुसुची ३ र अनुसुची ५ अनुसार कागजात पेश गर्नुपर्ने । |
| २ | लिमे पारकोटे भैंसी संरक्षण/प्रवर्धन कार्यक्रम | कास्की | | |
| ३ | स्थानिय कुखुरा (साकिनी प्वाँखउल्टे र घाँटीखुइले) संरक्षण/प्रवर्धन कार्यक्रम | गोरखा | बढिमा रु ५०० | |
| ४ | हुर्रा/सुंगुर संरक्षण/ प्रवर्धन कार्यक्रम | नवलपुर | | |

शर्तहरु:

१) समुदायको कम्तिमा ८० प्रतिशत घरधुरीहरु कार्यक्रम कार्यान्वयनको लागि इच्छुक भएको स्थान।

२) कार्यक्रम कार्यान्वयन क्षेत्रमा छनौट भएको नश्ल बाहेक उक्त नश्लसँग प्रजनन हुन सक्ने अन्य कुनै पनि नश्लका भाले पशु नपाल्ने र पाल्नै पर्ने भएमा संरक्षित नश्लका पशुसँग प्रजनन् नगरी त्यसै नश्ल भित्र मात्रै प्रजनन गर्ने सामुहिक प्रतिबद्धता पेश भएको स्थान।

३) संरक्षण गर्न छनौट गरिने स्थानिय नश्लको पशु संख्या सोही जातको कुल पशु संख्याको न्युनतम ६० प्रतिशत भएको स्थान

४) भौगोलिक अवस्था हावापानी र बातावरणीय दृष्टिकोणबाट स्थानिय नश्लहरुको संरक्षण र प्रवर्धनको लागि उपयुक्त स्थान

५) स्थानिय जनसमुदाय तथा स्थानिय तहको माग तथा उत्साह भएको स्थान।


**थप जानकारीका लागि सम्पर्क**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

**सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू**

Email : dlfd.gandaki@gmail.com

**फोन न: ०६१/५२०४५४, ०६१/५२७५८५**